सरूमारानी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स: ०८०।०८१

च.नं: ४८४

मिति:२०८०।०७।२२

श्री सबै शाखा प्रमुखहरु,

सरुमरानी गाउँपालिक,प्यूठान ।

श्री वडा कार्यालयहरु सबै

सरुमरानी गाउँपालिक,प्यूठान ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिकाको मिति २०८०।०७।२० गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।०७।२२

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा,०४ प्यूठान, लुम्बिनी प्रदेश नेपाल

फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np Email:sarumarani2073@gmail.com

CamScanner

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

ठग्गा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

# सरुमारानी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्याल बड्डाडा, प्यूठान

## कार्यपालिकाको अठ्ठाईसौ बैठकका प्रस्तावहरु

मिति २०८०।०७।२० गते

१. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।
२. कर्मचारीहरुको करार सेवा अवधि थप सम्बन्धमा ।
३. लेखा परिक्षण प्रतिबेदन सम्बन्धमा ।
४. गाउँसभा र गाउँसभाका प्रस्ताव सम्बन्धमा ।
५. सरुमारानी गाउँपालिकाको सुकुम्बासी तथा अव्यबस्थित विवरण सम्बन्धमा ।
६. न्यायिक समितिको बजेट बाँडफाँड सम्बन्धमा ।
७. लघुउद्यम कार्यक्रम-साझा सुविधा केन्द्र स्थापना सम्बन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना संशोधन सम्बन्धमा ।
९. समूह दर्ता कार्यविधि सम्बन्धमा ।
१०. स्रोतकेन्द्रको जग्गा सम्बन्धमा ।
११. भुकम्प पिडितहरुको लागि सहयोग र तथ्यांक संकलन सम्बन्धमा ।
१२. योजनाको ठेक्का सम्बन्धमा ।
१३. योजना तथा कार्यक्रमको नाम संशोधन सम्बन्धमा ।
१४. आर्थिक सहायता सम्बन्धमा ।
१५. विविध सम्बन्धमा ।

- दशैं/तिहारमा पालो पहरामा खटिएका कर्मचारीहरुलाई थप सुविधा सम्बन्धमा ।
- नगर प्रहरीलाई ज्याकेट सम्बन्धमा ।
- संघ संस्था दर्ता सम्बन्धमा ।
- विपद् ब्यबस्थापन सामाग्री खरिद, संकलन/तयारी अबस्थामा राख्ने सम्बन्धमा।
- श्रदान्जली र स्वास्थ्य लाभको कामना सम्बन्धमा।
- बजार अनुगमन प्रतिबेदन सम्बन्धि जानकारी सम्बन्धमा ।
- शौचालय निर्माण सम्बन्धमा ।
- अन्य निवेदनहरु सम्बन्धमा ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

ठग्गा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

<u>बैठक संख्या-२८</u>

<u>गाउँकार्यपालिकाको अठ्ठाईसौ बैठकका निर्णयहरु-२०८०।०७।२० गते</u>

**निर्णय नं. १. गत बैठकको प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।६।२४ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएका र केहि निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाईयो ।

**निर्णय नं. २. कर्मचारीहरुको करार सेवा अवधि थप सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका र सो अन्तर्गत कार्यरत तपशिलका करार कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक भएकोले मिति २०८० कार्तिक १ गते देखी २०८० फाल्गुन मसान्त सम्म करार अविधि थप गर्ने निर्णय गरियो ।

तपशिल

| सरुमारानी गाउँपालिका-करार कर्मचारीहरुको विवरण-२०८० | | | | | |
|---|---|---|---|---|---|
| १ | **गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत करार कर्मचारी विवरण** | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | कैफियत |
| १ | श्री शिवराज न्यौपाने | सुचना प्रविधि अधिकृत | **अधिकृत छैठौं** | ९८४५४४०७७३ | सुचना प्रविधि |
| २ | श्री इश्वर जि.सी | कृषि अधिकृत | **अधिकृत छैठौं** | ९८२९८१४७७४ | कृषि शाखा |
| ३ | श्री तेजेन्द्र भन्डारी | रोजगार संयोजक | **अधिकृत छैठौं** | ९८५७८२३३७३ | रोजगार सेवाकेन्द्र |
| ४ | श्री टिकाराम चापाँगाई | वन प्राविधिक | **अधिकृत छैठौं** | ९८४५६९२५१४ | |
| ५ | श्री कृष्ण प्रसाद आचार्य | कानुनी सल्लाहकार | **परामर्शदाता** | ९८५७८३३६३४ | **न्यायिक समिति** |
| ६ | श्री रेशम जि.सी | सव-ईन्जिनियर | सहायक पाचौ | ९८०९७०२००३ | **रोजगार सेवाकेन्द्र** |
| ७ | श्री देउमान सोमै मगर | एमआईएस **अपरेटर** | सहायक पाचौ | ९८५७८३६४३९ | **पंजिकरण तर्फ** |
| ८ | श्री गौरा के.सी. | फिल्ड सहायक | सहायक चौथो | ९८२२८९६१७१ | **पंजिकरण तर्फ-वडा न. १** |
| ९ | श्री हेमन्ता शर्मा | फिल्ड सहायक | सहायक चौथो | ९८६६७०८०२५ | **पंजिकरण तर्फ-वडा न. ४** |
| १० | श्री चम्पा पाण्डे | ना. प्रा .स.(कृषि) | सहायक चौथो | ९८४७९१७२१९ | **एक गाउँ एक कृषि प्राविधिक** |
| ११ | श्री प्रतिभा जि.सी. | ना. प्रा. स.(पशु) | सहायक चौथो | ९८६२५२०६०० | **एक गाउँ एक कृषि प्राविधिक** |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | श्री शंकर आचार्य | पोषण सहजकर्ता(स्वयंसेवक) | सहायक चौथो | ९८४७९३३८६४ | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| १३ | श्री कुमारी सोमै | खा.पा.स.टे | सहायक चौथो | ९८४७९०४६११ | खा.पा.स.टे |
| १४ | श्री गौरव खनाल | रोजगार सहायक | सहायक चौथो | ९८४५२०६७१ | रोजगार सेवा केन्द्र |
| १५ | श्री पोमलाल पन्थी | अमिन | सहायक चौथो | ९८६४७२९७३० | प्राविधिक शाखा |
| १६ | श्री घनबहादुर राना | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८५७८३३९८९ | कार्यालय |
| १७ | श्री बुद्वराम शर्मा | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४७९०१३३४ | कार्यालय |
| १८ | श्री हेमन्त जि.सि. | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८०९५९५६८८ | कार्यालय |
| १९ | श्री गिता सारुमगर | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८०९७४२२६६ | कार्यालय |
| २० | श्री देविराम चर्ति मगर | सवारी चालक | श्रेणी विहिन | ९७४८६०७१११ | कार्यालय |
| २१ | श्री भरत कुमार राना | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८१०८१३३५० | कार्यालय |
| २२ | श्री श्यामकली राना | सरसफाई कर्मी | श्रेणी विहिन | ९८०६२५४७४२ | कार्यालय |
| २३ | श्री डिल प्रसाद श्रेष्ठ | सरसफाई कर्मचारी | श्रेणी विहिन | ९७४५९३५७४० | कार्यालय |
| २ | **गाउँपालिकाको वडा कार्यालयमा कार्यरत करार कर्मचारी विवरण** | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | **कैफियत** |
| १ | श्री जितेन्द्र सुनार | अ. सब इन्जिनियर | सहायक चौथो | ९८०६२२१०७७ | वडा नं. ५ |
| २ | श्री टिकाराम पाण्डे | अ. सब इन्जिनियर | सहायक चौथो | ९८५७८४१७५५ | वडा नं. ६ |
| ३ | श्री दधिराम खनाल | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८५७८३३४०८ | वडा न. ३ |
| ४ | श्री ज्ञानु प्रसाद खनाल | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८६८९७१७११ | वडा न. २ |
| ५ | श्री साबित्रा के.सी. गिरी | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८४७८२११५५ | वडा न. ५ |
| ६ | श्री जनक थापा मगर | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८१८५५३५५२ | वडा न. १ |
| ७ | श्री हनिप मियाँ | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८६९९५८९१४ | वडा न. ४ |
| ८ | श्री नोगेन्द्र पुन मगर | सहायक कम्प्यूटर अपरेटर | सहायक चौथो | ९८६७४४४२३२ | वडा न. ६ |
| ९ | श्री मोहनलाल पाण्डे | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४७९३१५२७ | वडा न. १ |
| १० | श्री टंक प्रसाद अर्याल | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४७९३१२३१ | वडा न. २ |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

उत्तर बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री ठग बहादुर राना | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४७९२४२७४ | वडा न. ३ |
| १२ | श्री रमा बाकवल | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८०६२१७१८२ | वडा न. ४ |
| १३ | श्री मान बहादुर पल्ली | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८०९८३१५०२ | वडा न. ५ |
| १४ | श्री तुल बहादुर उलुङे | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४३७७८४०२ | वडा न. ६ |
| १५ | श्री बेलकुमारी बेलवासे | ग्रा.प.स्वा कार्यकर्ता | सहायक चौथो | ९८६३५०२०१८ | पशु सेवा केन्द्र |
| १६ | श्री स्मृति घर्ती | भेटेनरी जेटिए/सा.प | सहायक चौथो | ९८६९६९९७६७ | वडा न ६ |
| ३ | **स्वास्थ्य सस्थामा कार्यरत कर्मचारी विवरण** | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | कैफियत |
| क | **बाङ्गेसाल स्वास्थ्य चौकी** | | | | |
| १ | श्री लक्ष्मी के.सी. | अ.न.मी. | सहायक चौथो | ९८४७९५५५२१ | वडा न. १ |
| २ | श्री महादेव थापा | ल्याव असिस्टेन्ट | सहायक चौथो | ९८१२८२३२७३ | वडा न. १ |
| ३ | श्री मिरा खातुन | हेल्थ असिष्टेन्ट | सहायक पाचौ | ९८४५३२३७६५ | वडा न. १ |
| ४ | श्री शान्ता पोखेल | अ.हे.व. | सहायक चौथो | ९८६०८११७३४ | वडा न. १ |
| ५ | श्री यम बहादुर धामी | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६८६४६७१० | वडा न. १ |
| ख | **हंसपुर स्वास्थ्य चौकी** | | | | |
| १ | श्री विविरन खातुन | अ.न.मी | सहायक चौथो | ९८१०९६००७९ | वडा न. ३ |
| २ | श्री साधना खत्री क्षेत्री | ल्याव असिस्टेन्ट | सहायक चौथो | ९८१०९०४२८६ | वडा न. ३ |
| ३ | श्री झविन्द्र सुनार | हेल्थ असिष्टेन्ट | सहायक पाचौ | ९८४७९८३१९३ | वडा न. ३ |
| ४ | श्री बविता शर्मा | अ.न.मी. | सहायक चौथो | ९८२४४९०३४२ | वडा न. ३ |
| ग | **दुंङ्गेगढी स्वास्थ्य चौकी** | | | | |
| १ | श्री जुना जि.सी. क्षेत्री | अ.न.मी. | सहायक चौथो | ९८६६९३७५५९ | वडा न.५ |
| २ | श्री नमुना बि.क. | ल्याव असिस्टेन्ट | सहायक चौथो | ९८६६८१०१२१ | वडा न. ५ |
| ३ | श्री शान्ता खनाल | हेल्थ असिष्टेन्ट | सहायक पाचौ | ९८४३३६५५०७ | वडा न. ५ |
| ४ | श्री सविता पुन | अ.न.मी | सहायक चौथो | ९८६४५८४६९० | वडा न. ५ |
| ५ | श्री कुमारी शोभा गाहा | कार्यालय सहयोगी | श्रेणी विहिन | | वडा न ५ |
| घ | **आधारभुत स्वास्थ्य सेवा केन्द्र तिराम** | | | | |
| १ | श्री ताल बहादुर पुन | अ.हे.व. | सहायक चौथो | ९८४७९७०३४६ | वडा न. ६ |
| २ | श्री शोभा नेपाली | अ.न.मी. | सहायक चौथो | ९८४७९३०६४९ | वडा न. ६ |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

उत्तर बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री मुना के.सी | अ.न.मी | सहायक चौथो | ९८६८२८११९५ | वडा न. 6 |
| ४ | श्री संगिता ग्वाङ्ग | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६४९६२६२९ | वडा न. ६ |
| ङ | आधारभुत स्वास्थ्य सेवा केन्द्र बड्डाडा | | | | |
| १ | श्री बालिका सुनार | अ.हे.ब | सहायक चौथो | ९८६९९६४९३५ | वडा न.४ |
| २ | श्री बिमला घर्तीमगर | अ.न.मी | सहायक चौथो | ९८६७५१५५०६ | वडा न.४ |
| ३ | श्री सिरु गौतम | अ.न.मी | सहायक चौथो | ९८४२७१५१४१ | वडा न.४ |
| ४ | श्री लेखत पल्लीमगर | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४३३५१५७३ | वडा न.४ |
| च | आधारभुत स्वास्थ्य सेवा केन्द्र ददेरी | | | | |
| १ | श्री अमिरुन निशा | अ.न.मी. | सहायक चौथो | ९८१२८४२४३८ | वडा न.२ |
| २ | श्री बिन्दु बस्नेत | अ.न.मी | सहायक चौथो | ९८४७८५६१४९ | वडा न.२ |
| ३ | श्री शारदा आचार्य | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८०९७३७८९४ | वडा न.२ |
| ६ | सामुदायिक स्वास्थ्य ईकाई गनाहा | | | | |
| १ | श्री एक बहादुर हुङ्गचुङ्ग | अ.हे.व. | सहायक चौथो | ९८०९७३८५२५ | वडा न.२ |
| २ | श्री पार्वता सुनार | कार्यालय सहयोगी | श्रेणी विहिन | | वडा न.२ |
| ७ | सामुदायिक स्वास्थ्य ईकाई भिगृखोला | | | | |
| १ | गोमा घर्तीमगर | अ.हे.ब | सहायक चौथो | ९८६३११९५६७ | वडा न. ६ |
| २ | शर्मिला बुढा मगर | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६५५७६६७८ | वडा न. ६ |
| ८ | सामुदायिक स्वास्थ्य ईकाई सिरुवारी | | | | |
| १ | ममता के.सी | अ.हे.ब | सहायक चौथो | ९८६४३९०४४ | वडा न. ४ |
| २ | मनिका गुरुङ्ग | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८४४५८००९० | वडान. ४ |
| ९ | गाउँपालिकाको नगर प्रहरी तर्फका करार कर्मचारी विवरण | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | |
| १ | श्री खोपीराम सोमै | बरिष्ठ नगर प्रहरी | श्रेणी विहिन | ९८१३१९४६४३ | कार्यालय |
| २ | श्री एकबहादुर सोमै मगर | नगर प्रहरी | श्रेणी विहिन | ९८०९५२०६९३ | कार्यालय |
| ३ | श्री शेखर शर्मा | नगर प्रहरी | श्रेणी विहिन | ९८६६८३०३७२ | कार्यालय |
| ४ | श्री रिमा पुन मगर | नगर प्रहरी | श्रेणी विहिन | ९८०९५८७७५६ | कार्यालय |
| ५ | श्री कली पुन मगर | नगर प्रहरी | श्रेणी विहिन | ९८०९७७५४२३ | कार्यालय |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | |
|---|---|---|---|---|---|
| **१०** | **सचिवालय कर्मचारी विवरण** | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | |
| १ | श्री शान्तराज आचार्य | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६६७३१९४७ | सचिवालय |
| २ | श्री पार्वती मल्ल जि.सी | कार्यालय सहयोगी | श्रेणी विहिन | | सचिवालय |
| **११** | **कृषि तथा पशुपंक्षि स्रोत केन्द्रमा कार्यरत कर्मचारी विवरण** | | | | |
| सि.न. | कर्मचारीको नामथर | पद | श्रेणी तह | सम्पर्क नम्बर | |
| १ | श्री सावित्रा सुनार | कृषि जेटीए | सहायक चौथो | ९८६८२१२७४२ | |
| २ | श्री रितासरा वादी | सहयोगी कर्मचारी | श्रेणी विहिन | ९८१०९८४८४० | |

साथै लघुउद्यम विकास कार्यक्रममा चालु आ.ब.मा कम बजेट विनियोजन भएको र सो कार्यक्रम अन्तरगत कार्यरत उद्यम विकास सहजकर्ताको तलव भत्ताको लागि बजेट अपुग हुने भएको, कार्यक्रम बजेट पनि न्यून भएको, दुबै जनाको काम सन्तोषजनक हुँदा हुँदै पनि उनीहरुको सेवालाई बजेट अभावका कारण निरन्तरता दिन कठिन भएकोले कार्यालयबाट लघु उद्यम विकासका केहि कार्यक्रमहरु कार्यान्वियन गर्नको लागि आवश्यकतानुसार निश्चित समयको लागि सो क्षेत्रको विषय विज्ञताका आधारमा निजहरुलाई परामर्श सेवामा सेवा लिने गरी हाललाई उद्यम विकास सहजकर्ता श्री सिता रसाली र सावित्रा श्रेष्ठको करार सेवा थप नगर्ने निर्णय गरियो ।

**निर्णय नं. ३. लेखा परीक्षण प्रतिबेदन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब.२०७९।०८० को अन्तिम लेखा परीक्षण प्रतिवेदन, २०८० को प्रारम्भिक प्रतिबेदन माथि जानकारी तथा छलफल भयो । प्रारम्भिक प्रतिबेदनमा औल्याईएका सैदान्तिक र गाउँसभाबाट नियमित गर्नु पर्ने विषयहरु गाउँसभामा पेश गर्ने र अन्य बेरुजुहरु नियमानुसार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४. गाउँसभा र गाउँसभाका प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको दोश्रो सभाको चौधौ अधिबेसन २०८०।७।२३ गते विहान ११.०० बजे बस्ने निर्णय गरियो ।साथै यस अधिबेशनको छलफलका विषयहरु प्रारम्भिक लेखापरीक्षण प्रतिबदेन, २०८०/बेरुजु संम्परीक्षण र विभिन्न ऐनहरु रहनेछन ।

**निर्णय नं. ५. सरुमारानी गाउँपालिकाको सुकुम्बासी तथा अब्यबस्थित विवरण सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अब्यबस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम स्थानीय तह सहजीकरण समितिको मिति २०८०।७।२० गते बसेको बैठकको निर्णय अनुसार यस गाउँपालिकामा भूमिहिन दलित, भूमिहिन

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

अमृत बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सुकुम्वासी र अव्यबस्थित बसोबासी लगत संकलन गरी भूमि आयोगबाट तयार गरिएको अनलाईन सफ्टवयरमा प्रविष्ट गरे पश्चायत कायम भएको भूमिहिन दलितको संख्या ३२ भूमिहिन सुकुम्वासीको संख्या ४६ र अव्यबस्थित बसोबासीहरुको संख्या ३६२ गरी कुल कायम भएको संख्या ४४० रहेको जानकारी गराईयो। साथै संकलित लगत/तथ्यांक विवरणलाई प्रमाणिकरण गरी भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यबस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम अन्य कार्यहरु अगाडी बढाउन सरुमारानी गाउँकार्यपालिका मार्फत भूमि आयोग जिल्ला समितिलाई सिफारिस गर्ने स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको निर्णय अनुसार भूमि आयोग जिल्ला समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६. न्यायिक समितिको बजेट बाँडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस चालु आ.ब. २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत न्यायिक समिति कार्यसम्पादन तथा ब्यबस्थापन शिर्षकमा विनियोजित रकम रु. ७,५०,०००/-लाई न्यायिक समितिको मिति २०८०।७।१७ गतेको बैठक सिफारिस अनुसार तपशिलको शिर्षकमा बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | न्यायिक समितिको बैठक भत्ता, खाजा तथा खाना खर्च | १,५०,०००।- | |
| २ | मेलमिलापकर्ताको पारिश्रमिक | ५०,०००।- | |
| ३ | अन्तरपालिका न्यायिक समिति बैठक तथा अन्तरक्रिया कार्यक्रम | ७०,०००।- | |
| ४ | मेलमिलापकर्ताको प्रारम्भिक तथा पूनर्ताजगी तालिम | २,५०,०००।- | |
| ५ | जनप्रतिनिधि र कर्मचारीहरुको लागि न्यायिक अभिमुखिकरण कार्यक्रम | १,८०,०००।- | |
| ६ | मेलमिलाप केन्द्र ब्यबस्थापन र अनुगमन | ५०,०००।- | |
| | जम्मा | ७,५०,०००।- | |

**निर्णय नं. ७. लघुउद्यम कार्यक्रम-साझा सुविधा केन्द्र स्थापना सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३२ बमोजिम साझा सुविधा केन्द्र स्थापनालाई कार्यान्वयन गर्न यस गाउँपालिकामा चालू आ.ब. २०८०।०८१ को लागि साझासुविधा केन्द्र स्थापनाको लागि रु. ५,००,०००।- बजेट विनियोजना भएको र सो साझा सुविधा केन्द्र स्थापनाको लागि सरुमारानी गाउँपालिका वडा नं. ४ मा रहेको प्रगतिशिल लघु उद्यमी समूहका सदस्यहरुले होजियारी र सिलाईकटाई व्यवसाय गर्न ईच्छुक भई एकमात्र प्रस्ताव पेश गरेकाले सो समूहको माग अनुसार साझा सुविधा केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

अमृत बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ८. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँकार्यपालिकाको मिति २०८०।५।१७ को बेठकको निर्णय अनुसार स्वीकृत गरेको कार्यक्रममा तपशिल बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो

तपिशल

| क्र.स | योजनाहरुको नाम | ठेगना | प्रधानमन्त्री रोजगार कार्यक्रमको रु. | गाउँपालिका सामाग्री खरिद | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | धाद्र सिचाई योजना निर्माण वडा न. १ | वडा नं.१ झिलिवाङ्ग | ४,००,८०० | चालू आ.ब.को बजेट रु. २,५०,०००/- समेत समावेश गरी काम गर्ने । | ६ | पहल |
| २ | बोदनेखोला-खोलापारी सिचाई कुलो निर्माण | वडा नं.१ | ४,००,८०० | १,००,०००।- | ६ | |
| ३ | चौकी-ढाण गनाहा मो.बा. | वडा न. २ | ४,००,८०० | १,००,०००।- | ६ | पहल |
| ४ | पेट्रोलपम्प-ददेरीखोला मो.बा. | वडा न. २ | ४,००,८०० | चालू आ.ब.को बजेट रु.२,००,०००।- समेत समावेश गरी काम गर्ने । | ६ | |
| ५ | ओदाले पक्कीकुलो निर्माण योजना | वडान. ३ सुजिनपुर | ४,००,८०० | १,००,०००।- | ६ | पहल |
| ६ | वड्डाडा-ऐरावती सडक तथा नाली मर्मत | वडा न. ३ हंशपुर | ३,७६,००० | ० | ६ | |
| ७ | बड्डाडा-बेलडाडा बेसीगाउँ छविसे मो.बा. निर्माण | वडा न.४ | ४,००,४८०० | | ६ | पहल |
| ८ | धनकोट-बड्डाडा मो.बा. स्तरउन्नोती | वडा न. ४ | ४,००,८०० | १,००,००० | ६ | |
| ९ | जसपुर बुढिचौर गोरेटो बाटो निर्माण | वड न. ५ | ३,८०,००० | ५०,००० | ६ | पहल |
| १० | डुमिखर्क घोरेटो बाटो निर्माण | वड न. ५ | ४,००,८०० | २०,००० | ६ | |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

ठगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | श्रमरानी मा.वि. अधुरो भवन निर्माण | वडा न. ६ | ४,००,८०० | चालू आ.ब.को बजेट रु.८,००,०००।- समेत समावेश गरी काम गर्ने | ६ | पहल |
| १२ | प्रगतिशिल बालविकास केन्द्र टाकुरा पर्खाल निर्माण | वडा न. ६ | ४,००,८०० | १,३०,००० | ६ | |

**निर्णय नं. ९. समूह दर्ता कार्यविधि सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यलयबाट तयार गरी पेश गरेको कृषक/उद्यमी समूह गठन, दर्ता तथा परिचालन सम्बन्धि कार्यविधि, २०८० लाई स्वीकृत गर्ने गरियो।

**निर्णय नं. १०. स्रोत केन्द्रको जग्गा सम्बन्धमा ।**

प्रस्ताव नं.१० माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकाले आ.व. २०७९/०८० देखि संचालनमा लिएको सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र बांगेसाल र ढाण मध्ये वडा नं. २ ढाणमा लगाईएको बर्खे बाली (धान) उत्पादन गर्दा जंगली जनावर (बादर,बदेल) ले बालीमा क्षति भई उत्पादनमा कमि भए पश्चात कृषि विकास शाखाका कृषि प्राविधिकहरुको टोलीलाई उक्त जग्गामा कुन बाली लगाउदा उपयुक्त हुन्छ? भन्ने विषयमा अध्ययन गर्न खटाईएको प्राविधिक टोलीको फिल्ड प्रतिवेदन उपर छलफल गर्दा उक्त ढाणको जग्गामा कृषि बालीवस्तु उत्पादन गर्न कठिनाई हुने, प्रतिफल भन्दा लागत बढी हुने, नजिकै मानिसहरुको बसोबास नभएकाले थप कृषि पूर्वाधार निर्माण गर्दा असुरक्षित हुने आशयको प्रतिवेदन आएकाले कृषि पूर्वाधार (टनेल) सरुमारानी गा.पा. वडा नं. १ बांगेसालको जग्गामा निर्माण गर्ने र सरुमारानी गा.पा. वडा नं. २ ढाणमा रहेको जग्गा गाउँपालिकाले मिति २०८०/०२/१७ गते सम्झौता गरी भाडामा लिएको जग्गाधनी श्री पदम प्रसाद भण्डारीको १२ रोपनी, श्री कल्पना श्री अमात्यको १४ रोपनी र श्री राधा पौडेलको १२ रोपनी गरी जम्मा ३८ रोपनी क्षेत्रफल भएको जग्गा भाडामा लिने सम्झौता भंग गर्न उपयुक्त हुने हुँदा गाउँकार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्ने भनी स्रोत केन्द्र निर्देशक समितिको मिति २०८०।७।१७ गतेको बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११. भुकम्प पिडितहरुको लागि सहयोग र तथ्यांक संकलन सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०८०।०७।१७ गते राती जाजरकोट केन्द्र विन्दु भएर गएको भुकम्पबाट यस गाउँपालिकामा प्रभावित भई घरपरिवार वस्न नमिल्ने घरहरुको विवरण प्रहरी चौकीका प्रतिनिधि, वडा जनप्रतिनिधि र प्राविधिक समेतको सहभागितामा मुचुल्का सहित मैसमजन्य विपद प्रभावित निजि आवास पुनर्निमाण तथा पुर्स्थापना अनुदान कार्यविधि, २०७७ को अनुसूची १ सहितको विवरण ७ दिन भित्र तयारी गरी सबै वडाहरुले यस कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

साथै उक्त भुकम्पबाट प्रभावित क्षेत्रमा खोज, उद्धार, राहात, उपचार, पुनर्स्थापना, पुन:निर्माणको लागि यस गाउँपालिकाको प्रकोप ब्यवस्थापन कोषबाट रु.२,००,०००/-अनुदान स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२. योजनाको ठेक्का सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.ब.को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत दर्भान-रत्ने मो.बा. कालो पत्रे वडा नं.२ ( बजेट रु.१२,००,०००) र नर्सरी आँटीटार वडा कार्यालय मो.बा. कालोपत्रे वडा नं. १ (बजेट रु. २५,००,०००।-) दुबै योजनाहरुको कार्यप्रकृति एकै प्रकृतिको भएको र योजना कार्यान्वयन क्षेत्र नजिक भएकोले दुबै योजनाहरुको एउटै प्याकेज गरी एकमुष्ठ ठेक्का प्रकृया अगाडी बढाई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३. योजना तथा कार्यक्रमको नाम संशोधन सम्बन्धमा ।**

प्रस्ताव न. १३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व.बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत निम्न योजना/कार्यहरुको नाम सामान्य संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | योजना/कार्यक्रमको नाम | बजेट रु. | संशोधित योजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिहिन सुकुम्वासी असाहाय सहायता कार्यक्रम | ४०००००/- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम | |
| २ | रत्ने राङ्गबाङ्ग जस्पुर मो.बा. स्तरउन्नोति वडा न. २/५ | ५०००००/- | रत्ने राङ्गबाङ्ग जस्पुर मो.बा. स्तरउन्नोति वडा नं. ५ | वडा न. ५ बाट कार्यान्वयन गर्ने |

**निर्णय नं. १४. आर्थिक सहायता सम्बन्धमा ।**

प्रस्ताव न.१४ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | हिमाल सिंजालीमगर | वडा न. ४ | ५०००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |
| २ | गिता मिश्र | वडा न. १ | १००००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |
| ३ | विस्ना सुनार/प्रेम बहादुर सुनार | वडा न. २ | १००००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ८ | सन्दिप वि.क./वालिका वि.क. | वडा न. १ | १००००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |
| ९ | निर्मला वि.क./खिम बहादुर वि.क. | वडा न. १ | १००००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |
| १० | फुलानदर नेपाली/शेर बहादुर नेपाली | वडा न. ४ | १००००।- | भूमिहिन सुकुम्वासी र असहाय सहायता कार्यक्रम |

**निर्णय नं. १५. विविध सम्बन्धमा ।**

- **दशै/तिहारमा पालो पहरामा खटिएका कर्मचारीहरुलाई थप सुविधा सम्बन्धमा ।**
  यस गाउँपालिकाका नगरप्रहरी तथा कार्यालय सहयोगीहरु दशै/तिहारको विदाको समयमा दिन राती पालो पहरामा खटि काम गरेका/गर्नु पर्ने भएकोले खटिएका कर्मचारीहरुलाई प्रतिदिन प्रतिव्यक्ति तिन सय रुपैंया खाजा नास्तावापतको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

- **नगर प्रहरिलाई ज्याकेट सम्बन्धमा ।**
  यस गाउँपालिकामा कार्यरत ५ जना नगर प्रहरीहरुलाई उपलब्ध गराईएको पोशाक सुविधावाट नगरप्रहरी लाई आवश्यक पर्ने ड्रेस, जुत्ता लगाएतका सामाग्रीको बजेट नपुग भएको र जाडोको समयमा रातिमा समेत ड्यूटि गर्न कठिन भएकोले एक/एक वटा जकेट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

- **संघ संस्था दर्ता सम्बन्धमा ।**
  "सरुमारानी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ तथा "सरुमारानी गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी कार्यविधि, २०७८" बमोजिम संस्था दर्ताको कार्य अगाडी बढाउने निर्णय गरियो ।

- **विपद् व्यवस्थापन सामाग्री खरिद, संकलन/तयारी अवस्थामा राख्ने सम्बन्धमा।**
  भुकम्प, आगलागी, बाढी पहिरो लगाएका विपदजन्य घटना जुनसुकै बेला पनि आईपर्ने भएकोले विपद् उद्दारसँग सम्बन्धित सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्ने र केही सामाग्रीहरु नजिकको प्रहरी चौकीलाई समेत उपलब्ध गराउने निर्णय गरियो ।

- **श्रदान्जली र स्वास्थ्य लाभको कामना सम्बन्धमा।**
  मिति २०८०।०७।१७ गते राती रुकुम पश्चिम र जाजरकोट जिल्लामा गएको भुकम्पमा परी निधन हुनु भएका व्यक्तिहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवार जन प्रति समवेदना व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछौं।



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

...बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- **बजार अनुगमन प्रतिबेदन सम्बन्धी जानकारी सम्बन्धमा ।**

  दशै तिहार लक्षित गरी विभिन्न समयमा यस गाउँपालिकाबाट गरिएको बजार अनुगमनमा वडाडा बजारक्षेत्रका १०१, दर्भान बजार क्षत्रका ७३, बांगेशाल क्षेत्रका १९ जस्पुर क्षेत्रका २४ र पालुकास्थान क्षेत्रका १६ गरी कुल २३३ व्यापार/ब्यबसायहरुको अनुगमन गरिएको र अनुगमनको क्रममा करिव १,५०,०००/-भन्दा बढि रकमको समय नाघेका र खान उपयुक्त नहुने सामाग्रीहरु नष्ट गरिएको साथै बजार सरसफाई, व्यबसाय दर्ता तथा नविकरणको लागि सचेत गराईको समेतको प्रतिबेदन यस गाउँपालिकामा जानकारी गराईयो ।साथै बजारहरुमा सडक नाली भन्दा बाहिर राखीएको सामाग्रीहरु सम्बन्धित ब्यबसायिहरुलाई तत्काल हटाउन जानकारी गराउने र अटेर गर्ने व्यबसायिहरुको सामाग्री जफत गर्न निर्देशन दिने निर्णय गरियो।

- **शौचालय निर्माण सम्बन्धमा ।**

  सरुमारानी गाउँपालिका वडा न. १ मा रहेको सक्रिय सामाजिक उद्यमी महिला सहकारी संस्थाको मिति २०८०।४।२४ को पत्र अनुसार उक्त संस्थाको शौचालय निर्माण गर्नको लागि रु. ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

- <u>अन्य निबेदनहरु सम्बन्धमा ।</u>

➢ चालू आ.ब..को वडा न. ३ को वडा कार्यालय भवन निर्माण/मर्मतको योजना वडाको सिफारिस अनुसार कोटेशन विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

➢ सरस्वती मा.वि.वांङ्गेशालको मिति २०८०।७।१७ गतेको पत्र अनुसार विद्यालय हाताभित्रका टिकका रुखहरु हटाउन अनुमति माग भएकोले नियमानुसार हटाउनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

➢ प्यूठान अस्पतालको मिति २०८०।७।१६ गतेको पत्र अनुसार प्यूठान अस्पतालमा डाईलाईसिस सेवा संचालनको लागि स्थानीय तह र निजिक्षेत्रको सहभागिमा श्रोत सुनिश्चतताको लागि जिल्लामा भएको प्रतिवद्दता बमोजिमको हाललाई रु.१,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

➢ श्री जनता मा.वि. ऐरावती-६ विजुलिको मिति २०८०।७।९ को पत्र अनुसार प्यूठान जिल्ला स्तरीय युवा तथा जुनियर रेडक्रस सर्कलको गोष्ठीको लागि रु.२०,०००।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/७/२२



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

...बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष